# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ३१औं बैठकका निर्णयहरु
(२०७६ साउन ७ गते)

१. चौथो नगरसभामा प्रस्तुत आ. व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट समेटिएको पुस्तिका प्रकाशन प्रकाशन गर्ने निर्णय गरियो ।

२. कार्यक्रम पुस्तिकामा तोकिएका अध्ययन भ्रमण, क्षमता विकास, अन्तरक्रिया वा समन्वयको लागि गर्नुपर्ने कार्यक्रमहरु पौष मसान्तभित्र र भौतिक पूर्वाधारका आयोजनाहरु जेठ मसान्त भित्र सम्पन्न गर्नेगरी कार्ययोजना बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

३. आ. व. २०७५/७६ को कार्यक्रम तथा वजेटको प्रगति स्थिति सम्बन्धमा जानकारी भयो ।

४. गत आ. व. २०७५/७६ को भुक्तानी बाँकी भएका भौतिक पूर्वाधारका योजनाहरुको श्रावण मसान्तसम्म सूची तयार गर्ने र त्यस्ता आयोजनाहरु असोज मसान्तसम्म सम्पन्न गरी भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

५. आ. व. २०७६/७७ को लागि देहायबमोजिमका आयोजनालाई "महानगरीय गौरवका आयोजना" को रुपमा राख्ने निर्णय गरियो ।

| क्र. सं. | विषयगत समिति | गौरवका योजनाहरु | कैफियत |
|---|---|---|---|
| १. | पूर्वाधार विकास | १. गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला<br>२. भरतपुर मेट्रो प्लाजा निर्माण<br>३. महानगरीय नमुना सडक पूर्वाधार विस्तार | नयाँ |
| २. | सामाजिक विकास | १. मेयरसँग महिला तथा जोखिमा परेका समुहसँग मेयर कार्यक्रम (गर्भवती महिलालाई निशुल्क एम्बुलेन्स सेवा समेत)<br>२. शैक्षिक गुणस्तर विकास कार्यक्रम | गत वर्षबाट निरन्तर |
| ३. | आर्थिक विकास | १. कृषि विकासका लागि यान्त्रिकीकरण कार्यक्रम (सामुहिक खेती समेत) | नयाँ |
| ४. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | १. ल्याण्ड फिल्ड साइट विकास<br>२. नारायणी नदी Sea Beach Model<br>३. महानगरीय पार्क निर्माण | गत वर्षबाट निरन्तर |
| ५. | युवा तथा खेलकुद | १. एक वडा एक खेल मैदान विकास कार्यक्रम | नयाँ |
| ६. | सुशासन | १. नागरिकमैत्री सेवाको लागि भौतिक तथा ICT पूर्वाधार विकास एवं सुशासन प्रवर्द्धन | नयाँ थप सहित |

६. नगरसभाका समिति गठन तथा कार्यपालिका अन्तर्गतका समिति एवं उपसमितिहरुको पुनर्गठन सम्बन्धमा नगरसभा र कार्यपालिका अन्तरगत विभिन्न समितिहरुमा देहायबमोजिम सदस्यहरु रहने निर्णय गरियो ।

क. नगरसभा अन्तरगतका समिति

| समितिको नाम | जिम्मेवारी | सदस्य | वडा नं. |
|---|---|---|---|
| सुशासन समिति | संयोजक | गोविन्द तामाङ्ग | २७ |
| | सदस्य | ज्ञान प्रसाद खनाल | २६ |

| | | | |
|---|---|---|---|
| लेखा समिति | संयोजक | शम्भु बहादुर भण्डारी | १५ |
| | सदस्य | पदमपाणी सुवेदी | ५ |
| | सदस्य | नरेन्द्र कुमार कन्दङवा | १२ |
| विधेयक समिति | संयोजक | हरि प्रसाद आचार्य | ४ |
| | सदस्य | गीता शर्मा | २६ |
| | सदस्य | यज्ञ प्रसाद घिमिरे | २० |

ख. कार्यपालिका अन्तरगतका समिति तथा उपसमितिको पुर्नगठन

| समितिको नाम | जिम्मेवारी | सदस्य | वडा नं. |
|---|---|---|---|
| पूर्वाधार विकास समिति | संयोजक | अरुण पीडित भण्डारी | १० |
| | सदस्य | जयराम श्रेष्ठ | १ |
| | सदस्य | राजेन्द्रमणी काफ्ले | ७ |
| | सदस्य | ललित मान तामाङ्ग | १७ |
| | सदस्य | धनकुमारी वि. क. | २ |
| जिन्सी समिति | संयोजक | विष्णुराज महतो | २२ |
| | सदस्य | कर्णबहादुर गुरुङ्ग | १९ |
| | सदस्य | चन्द्रमित्र पंडित | ३ |
| सामाजिक विकास समिति | संयोजक | बिजय कुमार भुजेल | २५ |
| | सदस्य | हरिप्रसाद आचार्य | ४ |
| | सदस्य | दामोदर न्यौपाने | ८ |
| | सदस्य | मणिलाल तामाङ्ग | २० |
| | सदस्य | विना गुरुङ्ग | ११ |
| वातावरण तथा विपद् व्यवस्थापन समिति | संयोजक | पदमपाणी सुवेदी | ५ |
| | सदस्य | पूर्ण बहादुर श्रेण्ठ | २ |
| | सदस्य | बाबुराम अधिकारी | ११ |
| | सदस्य | कर्णबहादुर गुरुङ्ग | १९ |
| | सदस्य | बीरबहादुर तामाङ्ग | १५ |
| आर्थिक समिति | संयोजक | हरी विलास कोइराला | ६ |
| | सदस्य | ज्ञानप्रसाद खनाल | २६ |
| | सदस्य | कान्छा मल्ल | २४ |
| | सदस्य | ओम प्रकाश पोखरेल | १४ |
| | सदस्य | पवित्रा के. सी. | ४ |
| युवा तथा खेलकुद समिति | संयोजक | चित्रसेन अधिकारी | २१ |
| | सदस्य | बिष्णुराज महतो | २२ |
| | सदस्य | दिपक लामा | १८ |
| | सदस्य | प्रकाश दवाडी | १३ |
| | सदस्य | भरत लामिछाने | ३ |
| सार्वजनिक जग्गा | संयोजक | अरुण पीडीत | १० |

| | | | |
|---|---|---|---|
| तथा संरक्षण समिति | सदस्य | नरेन्द्र कुमार कन्दङ्वा | १२ |
| | सदस्य | चन्द्रमित्र पण्डित | ३ |
| | सदस्य | किशोर पौडेल | १३ |
| दलित तथा सीमान्तकृत वर्ग उत्थान समिति | संयोजक | चक्र रुचाल | ३ |
| | सदस्य | ज्ञान प्रसाद खनाल | २६ |
| | सदस्य | टेकलाल वि. क. | २ |
| | सदस्य | गंगा विश्वकर्मा | १ |
| | सदस्य | सर्मिला परियार | ६ |
| उपसमितिहरु | | | |
| सहकारी उपसमिति | संयोजक | राजेन्द्र मणी काफ्ले | ७ |
| | सदस्य | चतुरमान गुरुङ्ग | १६ |
| | सदस्य | आशबहादुर कुमाल | २८ |
| | सदस्य | सृजना अधिकारी | १५ |
| | सदस्य | शान्ति पराजुली | २१ |
| स्वास्थ्य उपसमिति | संयोजक | ओम प्रकाश पोखरेल | १४ |
| | सदस्य | शुक्रकुमार श्रेष्ठ | १ |
| | सदस्य | बिमला भट्टराई | १२ |
| | सदस्य | सरिता पाठक | ७ |
| | सदस्य-सचिव | राजकुमार गुरुङ्ग | १७ |
| शिक्षा उसमिति | संयोजक | नरिनारायण पौडेल | २३ |
| | सदस्य | मानबहादुर रानामगर | २९ |
| | सदस्य | तिलक दलामी | ८ |
| | सदस्य | द्रोण गुरुङ्ग | १९ |
| | सदस्य | प्रेम पाठक | ४ |
| लेण्ड फिल्ड साइड उपसमिति | संयोजक | चन्द्रमित्र पण्डित | ३ |
| | सदस्य | पूर्णबहादुर श्रेष्ठ | २ |
| | सदस्य | बाबुराम अधिकारी | ११ |
| | सदस्य | कृष्णकुमार गुरुङ्ग | २१ |
| | सदस्य | मञ्जु महतो | १४ |

७. महानगरपालिकाको सौन्दर्यता विगार्ने कार्य नियन्त्रणको लागि आर्थिक ऐन, २०७६ बमोजिम जरिवाना सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्ने समिति गठन सहित प्रस्तुत कार्ययोजना पारित गर्ने निर्णय गरियो ।

८. "एक वडा एक कलर प्रयोग" सम्वन्धमा गुणस्तरयुक्त रङ्ग उत्पादन कम्पनीसँग समन्वय गर्ने एवं यस सम्बन्धी मापदण्ड बनाई आगामी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

९. ठेक्काको शर्तविपरित काम नगर्ने वा समयमा काम नगर्ने देहाय बमोजिम निर्माण व्यवसाय फर्मलाई

१०. आ. व. २०७५/७६ मा प्रारम्भ भै विभिन्न कारणले सम्पन्न हुन नसकेका भौतिक विकास सम्वन्धमा भुक्तानी बाँकी कार्यक्रमको सूची तयार र प्रमाणित गरी भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

११. भरतपुर महानगरपालिकामा साविक देखि करारमा कार्यरत कर्मचारीहरुको सम्वन्धमा ३ महिनाको लागि नयाँ करार गरिने निर्णय गरियो ।

१२. एक हजारभन्दा माथि पारिश्रमिक वा भत्ता भुक्तानी लिने सबैले स्थायी लेखा नम्बर (Permanent Account Number) अनिवार्य प्रयोग गर्ने सम्वन्धमा बैठकमा जानकारी गराइयो।

१३. भरतपुर मेट्रो प्लाजा निर्माणको सम्बन्धमा ३० प्रतिशत हिस्सा महानगरपालिकाले व्यहोर्नेगरी सम्झौता एवं खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१४. विपन्नलाई असाध्य रोगको उपचारार्थ आर्थिक सुविधा सम्बन्धमा हालसम्म महानगरपालिकाबाट विपन्नता उपचार आर्थिक सहायता लिएका विरामी संख्या प्रस्तुत गरियो । साथै विपन्नताको पहिचान गर्ने सम्बन्धमा आर्थिक सहायता फाराममा सम्बन्धित व्यक्ति स्वयंले नै आफ्नो आर्थिक अवस्था सम्बन्धी विवरण भरी वडामा अनिवार्य रुपमा पेश गर्ने र सोही विवरणको आधारमा वडाबाट सिफारिस गर्ने निर्णय गरियो ।

१५. विविध विषयमा बैठकमा छलफल भई देहायबमोजिम निर्णय गरियो ।

- १५.१ सहकारी मर्जरको प्रावधान सहित भरतपुर महानगरपालिकाको सहकारी संस्था निर्देशिका, २०७५ मा संशोधन गर्ने,
- १५.२ सत्य साई स्वास्थ्य सेवा केन्द्र, नारायणगढलाई नक्शा पास शुल्क छुट गर्ने,
- १५.३ जिल्ला दररेटको आधारमा नगर दररेट निर्धारण एवं प्रमाणित गर्ने,
- १५.४ बिद्युत मर्मत मोडालिटी सम्बन्धमा सम्बन्धित सेवाप्रदायकसँगको सम्झौता र टोल विकास संस्थासँग समन्वय एवं संलग्नतामा उक्त कार्य वडाले नै गर्ने गरी अख्तियारी दिने,
- १५.५ करार र ज्यालादारीमा कार्यरत महिला कर्मचारीलाई प्रसुती विदा दिने सम्बन्धमा २ (दुई) महिना तलबी र विदाको निरन्तरता हुनेगरी थप विदा माग भएमा थप १ (एक) महिना बेतलबी विदा दिने,
- १५.६ विभिन्न मापदण्डको आधारमा छनोट भएको हिमालयन बैंकलाई महानगरपालिकाको आर्थिक कारोबार गर्नको लागि नेपाल राष्ट्र बैंकमा सिफारिस गर्ने । त्यसरी सिफारिस गर्दा महानगरपालिका परिसरका अलावा शिवनगर, पार्वतीपुर, चनौली र भगाहा (वडा नं. २७ र २८) मा सो बैंकको सेवा केन्द्र राख्नको लागि समेत अनुरोध गर्ने,
- १५.७ महानगरको संचित कोषमा विभिन्न आय ठेक्काबाट जम्मा हुन आएको मूल्य अभिवृद्धि कर (VAT) को रकम रु. २७,१७,५००।- सम्बन्धमा महानगरपालिकाको विभाज्य कोषको रकमबाट निकासा दिने,
- १५.८ AP- CAT Summit, इन्डोनेसिया २०१९ सेप्टेम्बर २३ देखि २६ सम्म भ्रमणको लागि प्रमुख रेनु दाहाल र सूर्य प्रसाद तिवारी अधिकृत छैठौं (हे. इ.)लाई र Bay Site Council, अष्ट्रेलिया साइनिङ्ग सेरेमोनी २०१९, अक्टोबर ११ देखि १७ सम्म नगरप्रमुख लगायतको टोलीको भ्रमणको लागि मनोनयन गर्ने,
- १५.९ मूल्याङ्कन समितिद्वारा छनोट गरी पेश भएको स्किमा टेक्नोलोजी प्रा. लि. नयाँ बानेश्वर, काठमाडौंले तयार गरेको भरतपुर महानगरपालिकाको लोगोलाई महानगरपालिकाको लोगोको रुपमा प्रयोग गर्ने ।